सकिदा वित्तिकै यथासिघ्र सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाईने छ ।

- बेरुजु र बेरुजु फछ्र्यौटको विषयमा अति सम्बेदनशिलता अपनाइने छ ।

**माननीय सभाध्यक्ष ज्यू,**

**अब म आ.व.२०७७/७८ को प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।**

आगामी आ.व.२०७७/७८ को लागि सिमकोट गाँउपालिकाको लागि रु. ४० करोड ६९ लाख ४९ हजार ८ सय रुपैया विनियोजन गरेको छु ।कुल विनियोजन मध्ये चालुतर्फ रु २२ करोड ६९ लाख ७६ हजार आठ सय ५५.७७%र पुँजीगत तर्फ १८ करोड ४ लाख ७३ हजार ४४.२३% बिनियोजन गरेको छु ।जस मध्ये संघिय सरकारको शर्शत अनुदान २० करोड ९७ लाख समानिकरण अनुदान ९ करोड ४३ लाख राजश्व बाँडफाड ७ करोड २८ लाख ३२ हजार ८ सय प्रदेश सरकारबाट समानिकरण अनुदान १ करोड १ लाख १७ हजार समपुरक १ करोड ३० लाख, शर्शत २५ लाख, विशेष अनुदान ३५ , लाख त्यसै गरी आन्तरिक आयबाट १० लाख छुटयाईएको छु । सोही अनुसार बजेट विनियोजित गरेको छु । यसलाई विषयगत समितिमा समावेश गरेको छु । जुन यस प्रकार रहेका छन् ।

**१) आर्थिक विकास तर्फ १४ करोड ३७ लाख १५ हजार छुट्याएको छु ।**
**२) सामाजिक विकास तर्फ ५ करोड १० लाख ३६ हजार छुट्याएको छु ।**
**३ पुर्वाधार विकास तर्फ १७ करोड ४५ लाख ८९ हजार छुट्याएको छु ।**
**४ वातावरण तथा विपद व्यवस्थापनतर्फ २ करोड ८६ लाख १३ हजार छुट्याएको छु।**
**५ शुसासन तथा संगठन तर्फ ८९ लाख ९६ हजार छुट्याएको छु ।**

विश्वव्यापि महामारीको रुपमा फैलिएको कोरोना (कोभिड १९) को कारणले देशपुरै लक डाउनमा परी नेपाल सरकार र यस गाउँपालिकाले आन्तरिक आय प्राप्त गर्न नसकि ४ करोड घाटा बजेट व्यहोर्नु परेको हुँदा चालु आ ब मा

सम्झौता नभएका योजनाहरुलाई आगामी आ व मा बजेट विनियोजित गरेको छु ।

अब म यस सिमकोट गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सदैब सहयोग गरी संचालन भएका ग्रैह सरकारी संस्थाहरुको बजेट प्रस्तुत गर्न गईरहेको छु ।

<u>१ स्नोल्याण्ड एकिकृत विकास केन्द्र(SIDC) हुम्ला</u>

- गाउँघर किल्निक २० लाख
- स्वास्थ्य तथा सरसफाई सम्बन्धी तालिम ५ लाख
- स्वास्थ्य संस्थाहरुलाई गरिने उपकरण सहयोगमा २० लाख
- सामान्य स्वास्थ्य शिविर संचालनका लागी २० लाख
- तरकारी पकेट क्षेत्रको विस्तार तथा सुदुढिकरण ३० लाख
- तरकारी खेतीमा रोग किरा व्यवस्थापन १० लाख
- ग्रिनहाउस निर्माण तथा तरकारी खेती तालिम २५ लाख
- साना सिचाई निर्माण आयोजना २५ लाख
- स्याउ तथा ओखर खेति तालिम ७ लाख
- लामो तथा छोटो अवधिका सिप मुलक तालिमहरु १० लाख
- पशु स्वास्थ्य शिविर ३ लाख

<u>२ किर्डाक नेपाल हुम्ला</u>

- प्रायोजित बालबालिकाहरुलाई शैक्षिक सामग्री सहयोग ११ लाख तिरसठ्ठी हजार आठ सय सत्र
- अतिरत्त क्रियाकलाप संचालन १ लाख नौ हजार चार सय १०
- बालकचहरी ४८ हजार
- बाल क्लव गठन तथा पुनगर्ठन १२ हजार ५ सय
- बाल संरक्षण समिति गठन तथा परिचालन १६ हजार
- बाल क्लवहरुका लागि अधिकार तथा संरक्षण तालिम २ लाख तिरचालिस हजार ७ सय ५० रुपैया
- कम्प्यूटर सीप सम्बन्धी तालिम ९९ हजार ६ सय ४०

